# रूपा गाउँपालिका

कास्की जिल्ला, गण्डकी प्रदेश

# रूपा गाउँपालिका राजपत्र

## गाउँ कार्यपालिकाद्वारा प्रकाशित

खण्डः ६ संख्याः ०१ मितिः २०७९/०३/१७

भाग — २

# रुपा गाँउपालिका कास्कीको व्याक्-हो लोडर सञ्चालन कार्यविधि, २०७९

प्रस्तावनाः

स्थानीय पुर्वाधार विकास आयोजना एवं परियोजनाहरुलाइ छिटो छरितो र गुणस्तरीय बनाउन तथा मर्मत सम्भार गर्न गाउँपालिकाको स्वामित्वमा रहेको व्याक् हो लोडर (Backhoe Loaders) को नियमित संचालनमा अवलम्बन गर्नुपर्ने विधि र प्रक्रियालाई व्यवस्थित र प्रभावकारी बनाई पारदर्शि व्यवस्थापन मार्फत मितव्ययिता कायम गर्न वाञ्छनिय देखीएकोले,

रूपा गाउँपालिका कास्कीको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी मिति २०७९।०३।०९ गतेको कार्यपालिका बैठकले देहायका नियमहरु बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यस कार्यविधिको नाम रूपा गाउँपालिका कास्कीको व्याक् हो लोडर सञ्चालन

कार्यविधि, २०७९ रहेको छ।

ख) यो कार्यविधि गाउँपालिकाको राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ।

**२. परिभाषा** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क)“अध्यक्ष” भन्नाले रूपा गाउँपालिका अध्यक्षलाई सम्झनुपर्दछ।

(ख) "अपरेटर" भन्नाले व्याक् हो लोडर चलाउने (हेभी इक्विपमेन्ट सवारी चालक) व्यक्तिलाई सम्झनु पर्दछ।

(ग) "कार्यविधि" भन्नाले रूपा गाउँपालिका कास्कीको व्याक् हो लोडर सञ्चालन कार्यविधि २०७९, सम्झनु पर्दछ।

(घ) "गाउँपालिका" भन्नाले रूपा गाउँपालिका कास्कीलाई सम्झनु पर्दछ।

(ङ) "व्याक् हो लोडर" भन्नाले विकास निर्माण सम्बन्धी काम गर्न र विपद् जन्य कार्यमा प्रयोग गरिने गाउँपालिकाको स्वामित्वमा रहेको मेशीनरी उपकरणलाई जनाउछ।

(च) "कार्यालय" भन्नाले रूपा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ।

(छ) "वडा कार्यालय" भन्नाले रूपा गाँउपालिका कास्की भित्रका सातवटै वडा कार्यालयहरुलाई सम्झनु पर्दछ।

(ज) "सहयोगी" भन्नाले अपरेटरलाइ सहयोग गर्ने व्याक् हो लोडर सहयोगीको रूपमा नियुक्त व्यक्तिलाई सम्झनु पर्दछ।

**३. कार्यविधिको उद्देश्यः** यस कार्यविधिको उदेश्य देहाय बमोजिम हुनेछ ।

क. गाउँपालिकाको स्वामित्वमा रहेको व्याक् हो लोडर नियमित सञ्चालन गर्ने।

ख. व्याक हो लोडरलाई मितव्ययी, पारदर्शी तवरले संचालन गरी रूपाका आम जनतालाई विपद्जन्य घटना वाट हुने सडक अवरोध हटाइ क्षति न्यूनीकरण गर्नका लागि निशुल्क सेवा दिई जीवनयापनमा सहजता ल्याइ स्थानीय सरकारले जनताप्रतिको अपनत्व वृद्धि गर्ने।

ग. आर्थिक व्यवस्थापन प्रणालीलाई अनुशासित र वित्तीय कुशलता हासिल गर्ने।

घ. गाउँपालिकाको संस्थागत क्षमता विकास, आयोजना व्यवस्थापन र वित्तिय अनुसाशन कायम गर्ने।

ङ. व्याक् हो लोडर संचालनमा सम्बद्ध पदाधिकारीहरुलाई सोको परिचालनप्रति अझ वढी जिम्मेवार र उत्तरदायी बनाउने।

च. व्याक हो लोडरलाई कुशलतापूर्वक संचालन गरी दीर्घकालिन रुपमा प्रयोगमा ल्याउने।

**४. व्याक् हो लोडरप्रयोगको क्षेत्र र प्राथमिकताक्रम देहायअनुसार हुनेछः**

क. व्याक् हो लोडरविपद् जन्य घटना भएका र हुन सक्ने जोखिममा रहेका क्षेत्रहरुमा तत्काल परिचालन गरिनेछ।

ख. प्रकोप व्यवस्थापन, फोहरमैला व्यवस्थापन, विकास निर्माण सम्बन्धी कार्यमा अध्यक्षस्तरीय निर्णयअनुसार परिचालन गरिनेछ।

ग. गाउँपालिका क्षेत्रभित्र आकस्मिक राहत उद्धार गर्ने प्रकृतिका अध्यक्षस्तरीय निर्णयअनुसार व्याक् हो लोडर सञ्चालन गर्न सकिनेछ।

**५. व्याक् हो लोडर संचालनका लागि जनशक्ति सम्बन्धी व्यवस्थाः**

(क) व्याक् हो लोडर संचालन गर्नका लागि एक जना अपरेटर र एक जना सहयोगीको व्यवस्था गरिनेछ।

(ख) व्याक् हो लोडर अपरेटर र सहयोगीको पारिश्रमिक तथा सुविधा नेपाल सरकारबाट स्विकृत मापदण्ड/तलबमान/जिल्ला दररेटमा नवढ्ने गरि कार्यपालिकाको बैठकबाट स्विकृत भएवमोजिम हुनेछ।

(ग) व्याक हो लोडरको नियमित सञ्चालन, मर्मत सम्भार, रेखदेख र सोको सुरक्षित पार्किङ्गको प्रवन्ध मिलाउने कार्य अपरेटरको हुनेछ।

(घ) अपरेटरले व्याक् हो लोडर बिशेष परिस्थितिमा अध्यक्षको अनुमति प्रदान गरेको अवस्थामा वाहेक रातको समयमा गाउँपालिका कार्यालयको परिसरमा पार्किङ्ग गर्नुपर्नेछ अन्यथा अपरेटर स्वयं जिम्मेवार हुनेछ।

(ङ) अपरेटर र सहयोगीले कार्यालयको अधिनमा रहेर २४ घण्टा नै सेवा प्रवाह गर्नुपर्नेछ।

(च) अपरेटरले व्याक् हो लोडर सञ्चालनमा प्रयोग भएको इन्धन, सवारी सञ्चालनको लगबुक, मर्मत सम्भार अभिलेख खाता तयार गर्ने र तोकिएको पदाधिकारीबाट प्रमाणित गराइ अभिलेख सुरक्षण गर्नुपर्नेछ।

(छ) अपरेटरको भत्ता जिल्ला दररेटको आधारमा रहेर सम्बन्धित वडा कार्यालयहरुबाट प्राप्त काम गरेको समय प्रमाणितको आधारमा गाउँपालिकाबाट उपलब्ध गराइनेछ।

**(६) व्याक् हो लोडर सञ्चालन तथा खर्च सम्बन्धी ब्यबस्थाः**

(क) प्रत्येक वडा कार्यालयहरुमा व्याक् हो लोडर सन्चालन गरी वाटो सरसफाइको लागी जनसख्या, भुगोल, वाटोको अवस्था, भौगोलिक दुरी र विकटताको आधारमा सम्वन्धित वडाको सिफारिसका आधारमा सञ्चालन गरिनेछ।

(ख) व्याक हो लोडरको नियमित सञ्चालनको लागी सम्बन्धित वडा कार्यालयहरुले कामको प्रकृतिको आधारमा प्राविधिक लागत अनुमान तयार गरी वडाको सिफारिस सहित कार्यालयमा पेश गर्नुपर्नेछ।

(ग) वडा कार्यालयहरुबाट पेश भएका लागत अनुमान र सिफारिसको आधारमा वुँदा नं ४ बमोजिमको

प्राथमिकतामा रहेर अध्यक्षस्तरीय निर्णयअनुसार व्याक् हो लोडर सञ्चालन तालिका तय गरिनेछ।

(घ) अपरेटरले व्याक् हो लोडर को संचालन तालिका बमोजिम भएको कामको सम्बन्धि अभिलेख व्यवस्थापन गर्नुपर्नेछ।

(ङ)प्रत्येक कार्य समाप्ती पछि सम्बन्धित वडा कार्यालयको सिफारिस, प्रविधिक कार्य सम्पन्न प्रतिवेदन, विल भरपाइको आधारमा मात्रै गाउँपालिका वाट इन्धन, मर्मत, अपरेटरको भत्ता र अन्य खर्च तोकिएको खर्च शिर्षबाट उपलव्ध गराइने छ।

(च) व्याक् हो लोडर सञ्चालनमा हुने देहायका खर्चहरुको व्यवस्थापन गाउँसभाबाट विनियोजन भइ स्विकृत भएका चालू खर्च शिर्षकबाट गरिनेछः

- इन्धन खर्चः डोजर तथा निशुल्क एम्बुलेन्स इन्धन खर्च/कार्यालय तर्फ इन्धन खर्च।
- मर्मत सम्भार खर्चः डोजर तथा निशुल्क एम्बुलेन्स मर्मत तथा सञ्चालन खर्च/सवारी साधन मर्मत तथा सञ्चालन खर्च।
- अपरेटर तथा सहायकको पारिश्रमिक खर्चः करार सेवा शुल्क ।
- व्याक् हो लोडर सञ्चालन सम्बन्धी अन्य खर्च कार्यालयको निर्णयअनुसार हुनेछ।

(छ) व्याक् हो लोडर सञ्चालन सम्बन्धी अन्य व्यवस्था कार्यपालिकाको निर्णयअनुसार हुनेछ।

**७.विविधः** यस कार्यविधि कार्यान्वयन क्रममा थप व्यवस्था गर्नु परेमा यस कार्यविधि तथा प्रचलित कानूनसँग नबाझिने गरी रूपा गाउँपालिका गाउँ कार्यपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ।

**८. कार्यविधिको व्याख्या र संशोधनः** (क) यस कार्यविधिमा कुनै थपघट वा हेरफेर गर्नुपरेमा कार्यविधि कार्यान्वयनका शिलशिलामा कुनै बाधा अवरोध वा अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागी कार्यपालिका बैठकले आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ।

(ख) कार्यविधिमा कुनै संशोधन गर्नु आवश्यक परेमा गाउँ कार्यपालिकाले संशोधन गर्न सक्नेछ।

आज्ञाले
प्रमुख प्रशासकीय अधिकृत